# आ.व. २०८२/०८३ को बार्षिक वजेट तथा कार्यक्रम

महाकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

**महाकाली नगरपालिकाको आ.व. २०८२।०८३ को बजेट तथा कार्यक्रम**

यस गरिमामय १६ औ नगर सभा अधिवेशनको अध्यक्षता गरिरहनु भएका नगर प्रमुखज्यू, नौ वटै वडाका वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभा सदस्यज्यू लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु ।

**नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था बमोजिम** महाकाली नगरपालिकाको उपप्रमुखको हैसियतले अगामी आर्थिक वर्ष २०८२।०८३ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत बजेट **"समृद्ध महाकाली सुखी महाकालीबासी" को** दीगो आकांक्षा प्राप्तिको गन्तव्य तर्फको नगरको चौथो बर्षको बजेट हुनेछ।

यस अवसरमा म मुलुकको राष्ट्रियता, अखण्डता, सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, गणतन्त्र, संघीयता, स्वतन्त्रता तथा शान्ति र समृद्धिका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य ज्यान उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। मुलुकको लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्नु हुने हाम्रा वीर पुर्खा तथा अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दै अग्रगामी रुपान्तरणमा वहाँहरूले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

आगामी आर्थिक वर्षको बजेट तर्जूमा गर्दा नगर सञ्चित कोषबाट, योजना तथा कार्यक्रम छनौट गर्दा आधारभूत स्वास्थ्यको सुनिश्चितता, विपद् र विभिन्न विश्वव्यापी महामारीबाट जनताको जीउधनको सुरक्षाको सुनिश्चिता गर्दै स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने, स्थानीय राजस्व परिचालनमा प्रत्यक्ष योगदान पुऱ्याउने, लैंगिक समानता, सामाजिक समावेशीकरण अभिबृद्धि हुने, आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक र छिटो प्रतिफल दिने, सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने, विपद्

व्यवस्थापन र वातावरण संरक्षणमा योगदान पुऱ्याउने, कृषि र पशुपालनलाई व्यवसायीकरण तथा आधुनिकीकरण गर्ने, उद्यमशीलता विकास र तुलनात्मक रुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग र समूहको उत्थान एवं मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने किसिमका आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गरेकोछु ।

**आदरणीय नगरसभा अध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरू,**

नगरपालिकाको आम्दानीको स्रोतमा संघ र प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष तथा अन्य अनुदान र राजस्व एवं सवारी साधन कर बाँडफाँड बापत प्राप्त हुने रकमका साथै नगरपालिकाको आन्तरिक आय तथा विभिन्न श्रोतबाट नगरपालिकाको सञ्चित कोषमा प्राप्त हुने रकम र अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त श्रोत मूख्य हुन। उपर्युक्त स्रोतहरूको मितव्ययी र उचित बाँडफाँड तथा विनियोजन गरी महाकाली नगरपालिकाको सर्वाङ्गीण क्षेत्रको विकासलाई समेट्ने प्रयास गरेकोछु ।

**आदरणीय नगरसभा अध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रमको सोच, लक्ष्य र उदेश्य प्रस्तुत गर्ने अनुमति चाहन्छुः

**<u>सोच, लक्ष्य, उद्देश्य</u>**

**सोचः** समृद्ध महाकाली सुखी महाकालीबासी ।

**लक्ष्यः** दीगो शान्ति विकास सुशासन र सेवा प्रवाहको माध्यमबाट समुन्नत सुखी र समृद्ध महाकाली निर्माण गर्ने ।

**उद्देश्यहरू:**

१. कृषिलाई व्यवसायीकरण तथा विविधीकरणबाट कृषि उत्पादन र उत्पादकत्व बढाउदै आर्थिक वृद्धि तथा रोजगारीका अवसर सिर्जना गर्ने,
२. शैक्षिक पूर्वाधार तथा जनशक्तिको उचित व्यवस्थापन तथा परिचालन गरी माध्यमिक तह सम्म सर्वसुलभ र गुणस्तरीय शिक्षाको सुनिश्चिता गर्ने,
३. महाकालीबासीको आधारभूत स्वास्थ्य सेवाको सुनिश्चिता गर्दै महामारी जन्य रोगबाट सुरक्षा तथा स्वस्थ र गुणस्तरीय जीवनको आधार निर्माण गर्ने,
४. अत्यावश्यक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्दै विकासको गतिलाई निरन्तरता दिने,
५. सामाजिक सुरक्षा तथा आर्थिक सहायताको माध्यमबाट समाजमा रहेका असहाय, सीमान्तकृत तथा पछाडी पारिएको, आफ्नो जीवन निर्वाह स्वयम् गर्न नसक्ने वर्गको संरक्षण र सशक्तीकरण गर्दै सुशासन विकास तथा सेवा प्रवाहमा मूल प्रवाहिकरण गर्नुका साथै लक्षित वर्ग उत्थान सम्बन्धी कार्यक्रम संचालन गर्ने,
६. जलवायु परिवर्तन तथा अनुकुलन वातावरणीय संरक्षण तथा सरसफाइ व्यवस्थापनबाट स्वच्छ महाकाली नगरपालिकाको निर्माण गर्ने,
७. कर्मचारी तथा जनप्रतिनिधिहरूमा जवाफदेहिता र पारदर्शिताको संस्कार कायम गर्दै जनमैत्री शासन व्यवस्था संचालन गर्ने,

**<u>नगर सभाध्यक्षज्यू सदस्यज्यूहरु</u>**

आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम तर्जूमा गर्दा अवलम्बन गरिएका मुख्य आधार तथा प्राथमिकताहरू प्रस्तुत गर्दछुः

- नेपालको सविधानको मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल अधिकार तथा साझा अधिकार,

- नेपाल सरकाको विनियोजन विधयेक २०८२ का सिद्धान्त र प्राथमिकताहरु
- नेपाल सरकारको आर्थिक वर्ष २०८२/०८३ को बजेट,
- सोह्रौ योजना २०८१।०८२-२०८५।०८६,
- सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरु,
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४,
- बिगत वर्षहरुमा सम्पन्न भएका नगर सभाहरुबाट पारित भएका निर्णयहरु,
- स्थानीय राजस्व परामर्श समिति स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा बिषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझावहरु।

**नगर सभाध्यक्षज्यू, नगर सभा सदस्यज्यू**

मैले यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायतका विद्यमान ऐन कानूनहरूको मर्म र भावना, नेपाल सरकारको नीति तथा कार्यक्रम र २०८२।०८३ को बार्षिक बजेट, सोह्रौ योजना, दीगो विकास लक्ष्यहरु, महाकाली नगरपालिकाको आवधिक योजना, निर्वाचनको घोषणापत्रमा गरिएका प्रतिवद्धता, विभिन्न विषयगत समिति तथा राजश्व परामर्श समितिका निर्णयहरू, कार्यपालिका सदस्यज्यूहरुको सुझाव विभिन्न राजनीतिक दल संघ संस्था, विभिन्न क्षेत्रमा कार्यरत विज्ञ, नागरिक समाज, बुद्धिजीवी, कर्मचारी, आम महाकालीबासी जनता समेतबाट प्राप्त रचनात्मक सुझावहरुलाई प्रमुख मार्गदर्शनको रूपमा लिएको छु ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,** आम महाकाली बासी जनताबाट विभिन्न वडाको वस्तिस्तरीय भेला मार्फत सङ्कलित सबै माग र आवश्यकता लाई यसै बजेटबाट सम्बोधन गर्न नसकिएता पनि उपलब्ध सिमित स्रोत साधनको दायरा भित्र रही

प्राथमिकताका आधारमा यस महाकाली नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ संशोधित बजेट सहित आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम देहाय अनुसार अनुमान गरेको हुँदा यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

अव म चालु आर्थिक वर्ष २०८१।०८२ को हालसम्मको आम्दानी तथा खर्चको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

**आम्दानी तर्फ**

- चालु आर्थिक वर्ष २०८१।०८२ को लागि कुल विनियोजित अनुमान रकम ६८ करोड १ लाख ३६ हजारमा हाल सम्म ५९ करोड २५ लाख ९९ हजार निकासा भइ आम्दानी बाधिएकोछ ।
- चालु आर्थिक वर्ष २०८१।०८२ मा १ करोड १३ लाख राजश्व संकलन हुने अनुमान गरिएकोमा हाल सम्म ७७ लाख ६० हजार राजश्व रकम मात्र संकलन भएकोछ ।

**खर्च तर्फ**

- आर्थिक वर्ष २०८१।०८२ मा हाल सम्म चालु तर्फ कुल निकासा बजेट ४९ करोड ७८ लाख ६७ हजार मध्ये ३७ करोड ५५ लाख ०१ हजार लगभग ७५.४३ प्रतिशत खर्च भएकोछ ।
- पूँजीगत तर्फ कुल निकासा बजेट ९ करोड ४७ लाख ३२ हजार मध्ये ४ करोड ४३ लाख ५४ हजार लगभग ४६.८३ प्रतिशत खर्च भएकोछ ।

**आदरणीय नगरसभाध्यक्षज्यू, सदस्यज्यूहरू,**

अब आर्थिक वर्ष २०८२।०८३ को अनुमानित आय तथा व्यय अनुमानको विवरण यस गरिमामय सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

**आय तर्फ**

आगामी आर्थिक वर्ष २०८२।०८३ मा कुल ६५ करोड ८१ लाख ५६ हजार ५ सय ३७ बजेट विभिन्न स्रोतबाट तपसिल बमोजिम प्राप्त हुने अनुमान गरिएकोछ।

**तपसिल**

| क्र.सं. | विवरण | २०८2/८3 को अनुमान |
|---|---|---|
| 1 | संघीय वित्तिय समानिकरण अनुदान रकम | 1२ करोड 92 लाख |
| 2 | संघीय राजश्व बाँडफाँड रकम | 8 करोड 96 लाख २हजार ५ सय सैतिस |
| 3 | संघीय सशर्त अनुदान रकम | 26 करोड 91 लाख |
| ४ | प्रदेश वित्तिय समानिकरण अनुदान रकम | 1 करोड 26 लाख 37 हजार |
| ५ | प्रदेश सवारी साधन कर तथा राजस्व बाँडफाँट रकम | 27 लाख 49 हजार |
| ६ | प्रदेश सशर्त अनुदान | ८५ लाख |
| ६ | प्रदेश बिशेष अनुदान रकम | 75 लाख |
| ७ | संघीय समपुरक अनुदान रकम | 87 लाख |
| ८ | प्रदेश समपुरक अनुदान रकम | 1 करोड 32 लाख |
| ९ | सामाजिक सुरक्षा अनुदान | 8 करोड 50 लाख |
| १० | आन्तिरक आय | 1 करोड 15 लाख |
| ११ | विभिन्न कोष मौज्दात | 38 लाख |

| क.सं. | विवरण | २०८2/८3 को अनुमान |
|---|---|---|
| १२ | धरौटी | 98 लाख 68 हजार |
| **कुल जम्मा** | | 65 करोड 81 लाख 56 हजार 5 सय 37 |

**व्यय तर्फ**

व्यय तर्फ आर्थिक वर्ष २०८२।०८३ को लागि तपसिल अनुसारको शीर्षकमा निम्न अनुसारको खर्च हुने अनुमान गरिएको छः

**तपसिल**

| सि.नं. | खर्च शीर्षक | अनुमानित रकम रु. |
|---|---|---|
| १ | चालु खर्च अनुमान | ५५ करोड ७८ लाख ८८ हजार ५ सय ३७ |
| २ | पूँजीगत खर्च अनुमान | ८ करोड ६६ लाख |
| ३ | वित्तीय खर्च अनुमान | १ करोड ३६ लाख ६८ हजार |
| | कुल | ६५ करोड ८१ लाख ५६ हजार ५ सय ३७ |

**आदरणीय नगरसभाध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु,**

माथि उल्लिखित चालु, पूँजीगत तथा वित्तीय खर्च शीर्षकहरुमा तपसिलका विषयगत क्षेत्रअन्तरगत देहाय अनुसार खर्च अनुमान गरिएकोछः

क) **आर्थिक विकासको क्षेत्रः**

आर्थिक वर्ष २०८२।०८३ मा आर्थिक विकास संग सम्बन्धित क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनको लागि सशर्त अनुदान सहित आवश्यक बजेट व्यवस्था गरेकोछु ।

जस अन्तरगत

१.कृषियोग्य जमीनलाई खेती प्रयोजनको लागि मात्र प्रयोग गर्न प्रोत्साहित गर्दै किसानहरूलाई उन्नत जातको बीउबिजन, मलखाद र आधुनिक प्रविधि हस्तान्तरण गर्ने,

२. सम्भावित फलफूल तथा जडीबुटी खेतीको प्रवर्द्धनको लागि सम्बद्ध निकायको साझेदारीमा कार्यक्रम संचालन गर्ने,

३.कृषि तथा पशुपालन पकेट क्षेत्र निर्धारण सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरी निर्धारित पकेट क्षेत्र अनुसार कार्यक्रम कार्यान्वयन गर्ने,

४. कृषि तथा पशुजन्य उत्पादनलाई कृषि आधुनिकीकरण तथा यान्त्रीकीकरण तर्फ उन्मुख गराउनुका साथै रैथाने तथा पोषणयुक्त खाद्यान्न बाली प्रवर्द्धनसंग सम्बन्धित कार्यक्रम संचालन गर्ने,

५. बहुउद्देश्यीय नगर भू-उपयोग तथा कृषि आधुनिकीकरण योजना संचालन गर्न कृषि साझेदारी तथा नगर कृषक कार्यक्रम अन्तरगत दुग्ध उत्पादन, कुखुरापालन, मत्स्यपालन, तरकारी तथा फलफूल खेती कार्यक्रम संचालन गर्न आवश्यक सीप तथा प्रविधि हस्तान्तरण गर्ने,

६. सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई स्थानीय उत्पादन तथा उद्योगसंग आबद्ध गराउने कार्यक्रम संचालन गर्ने,

७. उत्पादनको आधारमा सम्बन्धित वडाका अगुवा उद्यमीहरुको छनौट गरी उद्यमशीलता तथा प्राविधिक सीप विकास तालिम संचालन गरी व्यवसाय संचालनको लागि उपयुक्त प्रविधि हस्तान्तरण गर्ने।

## ख) सामाजिक विकासको क्षेत्र:

आर्थिक वर्ष २०८२।०८३ मा सामाजिक विकासको क्षेत्र संग सम्बन्धित क्रियाकलाहरु प्रभावकारी कार्यान्वयनको लागि सशर्त अनुदान सहित आवश्यक बजेट व्यवस्था गरेकोछु ।

जस अन्तरगत

१. नगरपालिकाको दश वर्षे नगर शिक्षा योजनामा उल्लेख भए अनुसार शैक्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने,

२. आसन, अभ्यास, साधना, ध्यान आदिका माध्यमबाट मन र शरीरलाई जोड्ने प्रक्रिया योग भएकोले विद्यालय स्तरीय योग प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिने,

३. विद्यालय सुपरीवेक्षण तथा पेशागत सहायता केन्द्र स्थापना गर्ने,

४. उच्च शिक्षामा अध्ययन गर्ने गरीब जेहनदार विद्यार्थीहरुका लागि स्थापना भएको छात्रवृति कोषलाई निरन्तरता दिने,

५. आधारभूत स्वास्थ्य सेवा जस्तो नागरिकको मौलिक हक सुनिश्चित गर्न अस्पताल तथा स्वास्थ्य चौकीमा आधुनिक उपकरण, दक्ष चिकित्सक र जनशक्तिको व्यवस्थापन गर्दै स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रमा गुणस्तरीय तथा नि:शुल्क स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिने,

६. गर्भवती र सुत्केरी जाँचको व्यवस्थालाई अनिवार्य गर्दै स्वास्थ्य केन्द्रमा गई सुरक्षित प्रसूति हुने गरी पूर्वाधार र प्रोत्साहनको व्यवस्थापन गर्ने साथै सुत्केरी आमालाई नगरउपप्रमुखको उपहार कार्यक्रमलाई निरन्तरता दिने,

७. सरकारले निःशुल्क वितरण गर्ने ९८ प्रकारका औषधीहरू समयमा नै सबै स्वास्थ्य केन्द्रमा आपूर्तिको सहज व्यवस्थापन गर्नुका साथै स्थानीय स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्य उपकरणहरूको व्यवस्था गर्ने,

८. स्थानीय तह भित्र लागु औषध नियन्त्रण तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्दै यसको ओसारपसार तथा दुर्व्यसनीका घटनालाई न्यूनीकरण गर्न आवश्यक कार्यक्रम संचालन गर्ने,

९. जिल्ला अस्पतालमा ब्लड बैंक स्थापना गर्ने,

१०. नगर क्षेत्रभित्र आवश्यकता अनुसार खानेपानी तथा ढलनिकासको उचित व्यवस्थापन गर्ने,

११. नगर क्षेत्रको मातृभाषा सम्वर्द्धन, जातीय तथा क्षेत्रीय कला, संस्कृति र ललितकलाको संरक्षण र विकासमा टेवा पुर्‍याउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

१२. कुलत तथा दुर्व्यसनबाट युवाहरुलाई जोगाउन सचेतनामूलक कार्यक्रम संचालन गर्ने,

१३. बेरोजगार युवाहरुको लागि उद्यमशीलता विकास तथा प्राविधिक सीप विकास सम्बन्धी कार्यक्रम संचालन गरी रोजगार सृजना गर्ने,

१४. महिला उद्यमशीलता कार्यक्रम मार्फत् स्वरोजगारी सृजना गरी महिलाहरूको आर्थिक सशक्तिकरण कार्यक्रम संचालन गर्ने,

१५. कार्य स्थलमा लैगिक हिंसा, घरेलु हिंसा तथा सामाजिक भेदभाव न्यूनीकरण गर्दै महिला उत्थान कार्यक्रम सञ्चालनमा गर्ने,

१६. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण मूल प्रवाहिकरण रणनीतिक योजना कार्यान्वयन गर्ने साथै लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण कार्य संचालन गर्ने,

१७. बालमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने,

१८. लक्षित वर्ग उत्थान कार्यक्रम (जेष्ठ नागरिक, महिला, दलित, बालबालिका, अपाङ्गता भएका, अशक्त र पछाडी परेका वर्ग, आदिवासी जनजाति तथा सामाजिक सुरक्षा) संचालन गर्ने,

१९. पञ्जीकरण विभागको कार्यक्रम अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण अद्यावधिक गर्नुका साथै राष्ट्रिय परिचयपत्र मार्फत लाभग्राहीहरुको बायोमेट्रिक भेरिफिकेशन मार्फत नयाँ अनलाईन प्रविष्ठी र नविकरण गर्न कार्य संचालन गर्ने,

२०. बेसहारा आमाबुवाको सहारा तथा टुहुरा बालबालिकाको अभिभावक नगर प्रमुख कार्यक्रमलाई निरन्तरता दिने,

२१. दलित हकहीत संरक्षणका लागि दलित सशक्तिकरण सम्बन्धी कानुन तयार गरी कार्यान्वयन गर्ने,

२२. मागमा आधारित लक्षित वर्ग कार्यक्रम कार्यान्वयन गर्ने,

२३. मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले तोकेको कार्य सम्पादन गर्न कार्य योजना तयार गरी सम्बन्धित निकायको समन्वयमा कार्यक्रम संचालन गर्ने,

## ग)पूर्वाधार विकासको क्षेत्र:

आर्थिक वर्ष २०८२।०८३ मा पूर्वाधार विकासको क्षेत्र अन्तरगतका क्रियाकलाप कार्यान्वयन गर्न सशर्त अनुदान सहित आवश्यक बजेट व्यवस्था गरेको छु ।

जस अन्तरगत

१. नगर क्षेत्रभित्र सडक सोलार बत्ती तथा सडक बत्तीको व्यवस्थापन गर्ने,

२. सिँचाइ, पोखरी निर्माण, कुलो तथा नहर मर्मत गरी सबै कृषियोग्य क्षेत्रमा नियमित रुपमा सिंचाई व्यवस्थापन गर्ने,

३. नगरपालिका क्षेत्रभित्रका नदी खोलाहरुमा बस्ती तथा खेती योग्य जमीन संरक्षण गर्न आवश्यक तटबन्ध निर्माण गर्ने,

४. ट्र्याक खोलिएका सडकहरूको स्तरोन्नति र नियमित संचालन गर्ने,

५. पक्की पुल नभएका खोलाहरुमा झोलुङ्गे पुल निर्माण कार्य संचालन गर्ने,

६. पक्की पुल नभएका खोलाहरुमा आवश्यकता अनुसार RCC पुल निर्माण कार्य संचालन गर्ने,

७. घर नक्सा पास प्रणालीलाई थप सरल र चुस्त दुरुस्त बनाउन स्थानीय बस्ती विकास र भवन निर्माण मापदण्ड कार्यान्वयन गर्ने,

८. घर बिहिन दलितहरूलाई 'एकीकृत बस्ती विकास' जस्ता कार्यक्रमहरू संग समन्वय गरी आवासको व्यवस्था गर्ने,

९. भूमिहीन सुकुमबासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई भूमि समस्या समाधान आयोगको समन्वयमा व्यवस्थित गर्ने,

१०. भूमि समस्या समाधान आयोग र मुक्त हलिया समाजको समन्वयमा हलिया मुक्ति सम्बन्धी आवश्यक कार्यक्रम संचालन गर्ने,

११. प्राकृतिक, पर्यावरणीय, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको पहिचान विकास र विस्तारका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी पर्यटकीय पूर्वाधार विकास कार्यक्रम संचालन गर्ने,

१२. पवित्र धार्मिक स्थल तथा मन्दिरहरूको मर्मत सम्भार तथा जीर्णोद्धार गर्ने।

**घ)<u>वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र:</u>**

१. वातावरणमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गर्ने,

२. नगरपालिका क्षेत्रमा बसोबास गर्ने परिवार तथा व्यक्तिहरुको हकमा विपद् दुर्घट्ना विमा र जोखिमग्रस्त क्षेत्रमा रहेका घरहरुको आवासीय बिमा सम्बन्धी कार्य गर्ने,

३. LEOC लाई व्यवस्थित गर्न आवश्यक कार्यक्रम संचालन गर्ने,

४.विपद व्यवस्थापन तथा जलवायु परिवर्तन, अनुकुलन तथा उत्थानशील दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने,

५. महाकाली नदीको प्रदुषण नियन्त्रण गर्न र वन जङ्गल संरक्षण गर्नको लागि आवश्यक कार्यक्रम संचालन गर्ने,

६. फोहोरमैला व्यवस्थापनको लागि आवश्यक कार्यक्रम संचालन गर्ने,

७. प्रकोप व्यवस्थापन कोषको व्यवस्थापन गर्ने,

## ङ)सुशासन तथा संस्थागत विकास:

आर्थिक वर्ष २०८२।०८३ का सुशासन तथा संस्थागत विकास अन्तरगतका क्रियाकलाप संचालनको लागि राजस्व बाँडफाड तथा आन्तरिक आय बाहेक आवश्यक बजेट व्यवस्था गरेको छु ।

जस अन्तरगत:

१. न्यायिक समिति संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन गर्ने,
२. कार्यालय तथा जनशक्ति व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गर्ने,
३. कर्मचारी कल्याण कोष व्यवस्थापन गर्ने,
४.पञ्जिकरण तथा घटना दर्ता कार्यक्रमलाई निरन्तरता दिने ।

## च)अन्य क्षेत्रहरु

१. महाकाली समृद्धि कार्यक्रम मार्फत नगरपालिकाको सर्वाङ्गीण विकासका निमित्त आवश्यक बजेट व्यवस्थापन गरी कार्यक्रमलाइ निरन्तरता दिने,
२. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको प्रभावकारी संचालनको लागि साझेदारी कार्यक्रम संचालन गर्ने,
३. नगरपालिकाबाट तयार गरिएको गुरु योजना, आवधिक योजना, मध्यम कालीन खर्च संरचना, रणनैतिक योजना, क्षमता विकास योजना तथा बिस्तृत आयोजना प्रस्तावहरु कार्यान्वयन गर्ने,

**आदरणीय नगरसभाध्यक्षज्यू, सदस्यज्यूहरू,**

यस गरिमामय सभा समक्ष महाकाली नगरपालिकाको आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२, मध्यम कालीन खर्च संरचना र बार्षिक विकास कार्यक्रम अनुसूची मार्फत प्रस्तुत गरिएकोछ । सो सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा,

आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जूमा गर्ने चरणमा सहयोग पुऱ्याउनु हुने नगर प्रमुख, नगरकार्यपालिका सदस्य, नगर सभा सदस्यज्यूहरू, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जूमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारीज्यूहरू, वस्तिस्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सक्रिय जनसमुदाय, निरन्तर सुझाव र सल्लाह प्रदान गर्ने राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्था नागरिक समाज, बुद्धिजिवी वर्ग, पत्रकार, लागायत बजेट निर्माण प्रकृयामा अहोरात्र खटिनु भएका राष्ट्रसेवक कर्मचारीहरु एवम् बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहभागि भई अमूल्य सहयोग, सद्भाव, सल्लाह दिनु हुने सम्पूर्ण महानुभावप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद
दुर्गा कुमारी खत्री बिष्ट
नगर उपप्रमुख